## गृहमन्त्रालयको सूचना

३६ वर्षसम्म अटूट सेवा गर्नुभएका से.ई. मेडीका डिट्ठा कुलरत्न-लाई ०१३।११।२१ गतेका दिन श्री माननीय प्रधानमन्त्रीज्यूबाट दीर्घसेवाको तक्मा प्रदान गर्नुभयो।

आज्ञाले—
माणिकलाल,
का.मु. सेक्रेटरी-गृहमन्त्रालय.

## गृहमन्त्रालयको सूचना

११।१२।०१३

विशेष अदालत ऐन ०१३ को दफा २ को उपदफा (१) र दफा ३।७ ले दिएको अधिकार प्रयोग गरी सरकारले निम्नलिखित आदेश निकालेको छ।

सरकारले ३ जना सदस्य भएको वीरगञ्ज विशेष अदालत गठन गरी सो अदालतको अध्यक्षमा वीरगञ्ज गोश्वाराका बडाहाकिम र सदस्यमा वीरगञ्ज अमिनीका हाकिम र पर्सा मालका हाकिमलाई मुकर्रर गरेको छ।

सो विशेष अदालतले वीरगंज नगरपालिकाको तहवील मसौट विषयमा कमिशनले हेरी आएका मुद्दा सो कमिशनबाट आएको लिई कारबाई गरी किनारा लगाउने गरी सुम्पिएको छ।

आज्ञाले—
माणिकलाल,
का.मु. सेक्रेटरी-गृहमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६४